**प्रशासन** असार २०८३, वर्ष ५८, अङ्क १, पूर्णाङ्क १४३, पृ. ३४-४७
©२०८० भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v58i1.96794
https://mofaga.gov.np/prashasan-journal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# सार्वजनिक मूल्यमा आधारित शासनको अवधारणा र निजामती प्रशासनको परिवेश

**डा. दामोदर रेग्मी***

## लेखसार

सरकारको भूमिका मूलतः लोक कल्याणकारी राज्यको सिद्धान्तमा आधारित हुने भएकोले सो अनुरूपको सेवा प्रवाहको संयन्त्रको आवश्यकता पर्दछ। यस्तो संयन्त्र सकारात्मक, सृजनशील, व्यावसायिक, परिणाममुखी र जनमैत्री हुन अपरिहार्य हुन्छ। सेवा प्रवाहको यस आयाममा निजामती सेवा सक्षम हुनु आवश्यक हुन्छ। सेवा प्रवाहमा पालना गर्नुपर्ने प्रक्रिया पारदर्शी, तटस्थ र प्रतिबद्धता जस्ता स्वच्छताका गुणहरूले युक्त हुनु अनिवार्य पक्ष हो। सरकारको भूमिकालाई केवल सेवा प्रदायकको रूपमा मात्र नहेरी नागरिकका लागि मूल्य सिर्जना गर्ने संस्थाको रूपमा पुनः परिभाषित गर्ने विषय सार्वजनिक प्रशासनको अवधारणा अन्तर्गत पर्ने गर्दछ। प्रशासनले सकारात्मक सक्रियता, पारदर्शिता र परिणाममुखी कार्यशैलीमार्फत नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउन सकेमा मात्र राज्यप्रति विश्वास, अपनत्व र दिगोपन सुनिश्चित हुन्छ। परिवर्तित शासकीय परिवेशमा निजामती प्रशासनलाई केवल संरचना होइन, सार्वजनिक मूल्य सिर्जनाको गतिशील शक्तिका रूपमा विकास गर्नु आजको सामयिक विषय हो।

**शब्दकुञ्जीः** मूल्य सिर्जना, शासकीय परिवेश, स्वच्छता, सरोकारवाला, नागरिकको वास्तविक सन्तुष्टि।

## पृष्ठभूमि

राज्य र जनताबिचको सम्बन्धको अभिव्यक्ति हुने प्रमुख माध्यम सार्वजनिक सेवा हो। सार्वजनिक सेवाको सर्वसुलभता राज्यको प्रमुख दायित्व हो। राज्यको यसै विशिष्ट दायित्वको आधारमा राज्य र जनताको सम्बन्ध स्थापित भएको हुन्छ। राज्यको पहिलो दायित्व सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने रहेको हुन्छ। सरकारको भूमिका मूलतः लोक कल्याणकारी राज्यको सिद्धान्तमा आधारित हुने भएकोले सेवा

* पूर्व सचिव, नेपाल सरकार, ईमेलः regmi.damodar@gmail.com

प्रवाहका उपरोक्त आधारशिला अनुरूपको सेवा प्रवाहको संयन्त्रको आवश्यकता पर्ने गर्दछ। यस्तो संयन्त्र सकारात्मक, सृजनशील, व्यावसायिक, परिणाममुखी र जनमैत्री हुनुपर्दछ। सेवा प्रवाहको यस आयाममा निजामती सेवाको सक्षमता अपेक्षित विषय हो। सेवा प्रवाहमा पाना गर्नुपर्ने प्रक्रिया पारदर्शी, तटस्थ र प्रतिबद्धता जस्ता स्वच्छताका गुणहरूले युक्त हुनु आवश्यक हुन्छ। विश्व राजनीतिक र आर्थिक परिवेशहरूमा आएका परिवर्तनहरूले प्रशासनिक प्रक्रिया र परिपाटीमा तदनुरूप परिवर्तन ल्याएका त छन् नै, यसको अतिरिक्त कैयौं नवीन अवधारणाहरू पनि सिर्जित हुँदै गइरहेका छन्। यसै क्रममा आएको अवधारणा सार्वजनिक मूल्यमा आधारित शासनअनुरूप प्रशासन संयन्त्र वा निजामती सेवा अनुकूलित हुँदै जानुपर्ने आवश्यकता छ। यो अवधारणासँग अनुकूलित हुने कार्य यसको प्राथमिकता बन्नु पर्दछ। यसमा आफूभित्र अन्तर्निहित मुद्दाहरूको पनि सम्बोधन हुनु जरुरी छ।

## सार्वजनिक मूल्यमा आधारित शासन

सार्वजनिक मूल्यमा आधारित शासन (Public Value Governance) सम्बन्धी साहित्यले आधुनिक सार्वजनिक प्रशासनलाई केवल नियम पालना र सेवा वितरणमा सीमित नराखी नागरिकको जीवनमा वास्तविक सकारात्मक परिवर्तन ल्याउने माध्यमका रूपमा व्याख्या गरेको पाइन्छ। परम्परागत सार्वजनिक प्रशासन (Traditional Public Administration) तथा नयाँ सार्वजनिक व्यवस्थापन (New Public Management) ले प्रशासनलाई दक्षता, लागत न्यूनीकरण र परिणाममुखी कार्यशैलीतर्फ उन्मुख गराए पनि नागरिकको विश्वास, सामाजिक न्याय, सहभागिता र सार्वजनिक हितजस्ता पक्षलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको निष्कर्ष विभिन्न अध्ययनहरूले प्रस्तुत गरेका छन्। यही सन्दर्भमा Mark H. Moore ले प्रतिपादन गरेको Public Value Theory ले सरकारको भूमिकालाई “सेवा प्रदायक” भन्दा “सार्वजनिक मूल्य सिर्जना गर्ने संस्था” का रूपमा पुनः परिभाषित गरेको छ। Moore (1995) का अनुसार, सरकारको सफलता केवल कार्यक्रम सञ्चालन वा सेवा वितरणमा होइन, नागरिकको जीवनस्तरमा ल्याइने सकारात्मक परिवर्तन, विश्वास निर्माण र सार्वजनिक हितको प्रवर्द्धनमा आधारित हुन्छ। उनले सार्वजनिक मूल्य सिर्जनाका लागि सार्वजनिक मूल्य (Public Value), वैधता र समर्थन (Legitimacy and Support) तथा कार्यान्वयन क्षमता (Operational Capacity) बिच सन्तुलन आवश्यक हुने उल्लेख गरेका छन्।

यसैगरी John M. Bryson, Barbara Crosby र Laura Bloomberg (2014) ले Public Value Governance लाई परम्परागत सार्वजनिक प्रशासन र नयाँ सार्वजनिक व्यवस्थापनभन्दा अगाडि बढेको अवधारणाका रूपमा व्याख्या गरेका छन्। उनीहरूका अनुसार शासन प्रणालीको उद्देश्य केवल सेवा प्रवाह होइन, नागरिकको वास्तविक आवश्यकता, विश्वास र दीर्घकालीन सामाजिक मूल्य सिर्जना गर्नु हो। उनीहरूले सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबिचको सहकार्यलाई सार्वजनिक मूल्य सिर्जनाको महत्त्वपूर्ण आधार मानेका छन्। त्यस्तै Barry Bozeman (2007) ले सार्वजनिक मूल्यलाई लोकतन्त्र, समानता, न्याय,

उत्तरदायित्व र सार्वजनिक हितसँग जोड्दै प्रशासनिक निर्णय प्रक्रियामा नागरिकको हितलाई केन्द्रमा राख्नुपर्ने धारणा प्रस्तुत गरेका छन्।

Stephen P. Osborne (2010) ले New Public Governance अवधारणामार्फत सार्वजनिक प्रशासनलाई नेटवर्क, सहकार्य र साझेदारीमा आधारित प्रणालीका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार आधुनिक शासन प्रणालीमा सरकार एक्लो सेवा प्रदायक होइन; नागरिक समाज, निजी क्षेत्र र समुदायसमेत सार्वजनिक मामिलाका सहकर्ताका रूपमा संलग्न हुन्छन्। यसले प्रशासनलाई थप सहभागीमूलक, पारदर्शी र उत्तरदायी बनाउँछ।

नेपालको सन्दर्भमा पनि सार्वजनिक मूल्यमा आधारित शासन र सक्षम निजामती प्रशासनबिच घनिष्ठ सम्बन्ध रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। दामोदर रेग्मी (२०२२) का अनुसार शासकीय प्रबन्धका नवीनतम आयामहरूमा संघीय शासन प्रणालीमा प्रभावकारी सेवा प्रवाह, सदाचारिता, तटस्थता, पारदर्शिता र योग्यता प्रणालीलाई सार्वजनिक प्रशासनको मूल आधार मानेका छन्। उनका अनुसार सक्षम, व्यावसायिक र जनमैत्री निजामती प्रशासनले मात्र सुशासन, जनविश्वास र सार्वजनिक मूल्य सिर्जना गर्न सक्छ। यसैगरी संघीय शासन प्रणालीमा प्रशासनिक समन्वय, जनसहभागिता र सेवा प्रवाहको प्रभावकारिता सार्वजनिक मूल्य निर्माणका महत्त्वपूर्ण आधार भएको निष्कर्ष साहित्यले प्रस्तुत गरेको छ।

## सार्वजनिक प्रशासन तीव्र परिवर्तनको चरणमा

आधुनिक सार्वजनिक प्रशासन तीव्र परिवर्तनको चरणमा छ। परम्परागत नियममा आधारित कर्मचारीतन्त्र (Rule-based Bureaucracy) र पछि विकसित नयाँ सार्वजनिक व्यवस्थापन (NPM) ले प्रशासनलाई दक्ष र परिणाममुखी बनाउने प्रयास गरे पनि ती मोडेलहरूले नागरिकको वास्तविक सन्तुष्टि, सामाजिक न्याय र विश्वास निर्माणका पक्षलाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेनन्। यसै सन्दर्भमा सार्वजनिक मूल्यमा आधारित शासन (Public Value Governance [PVG]) को अवधारणा उदय भएको हो, जसले शासन प्रणालीलाई सार्वजनिक मूल्य (Public Value) सिर्जना गर्ने माध्यमका रूपमा पुनः परिभाषित गर्दछ।

Public Value Governance को अवधारणाअनुसार सरकारको सफलता केवल सेवा वितरणमा सीमित हुँदैन, यसले नागरिकको जीवनस्तरमा ल्याउने सकारात्मक परिवर्तन, विश्वास निर्माण, समावेशिता र न्यायमा आधारित हुन्छ। सरकारको भूमिकालाई केवल सेवा प्रदायकका रूपमा मात्र नहेरी नागरिकका लागि मूल्य (Value) सिर्जना गर्ने संस्थाका रूपमा पुनः परिभाषित गर्ने विषय Mark Moore द्वारा प्रतिपादित Public Value Theory मा आधारित छ। उनले सरकारलाई Value Creator का रूपमा व्याख्या गर्दै सार्वजनिक संस्थाहरूले नागरिकका लागि के मूल्य सिर्जना गरिरहेका छन् भन्ने प्रश्नलाई केन्द्रमा राखेका छन्।

यस अवधारणाले तीन प्रमुख आधारहरूलाई समेटेको छः (क) सार्वजनिक मूल्य (Public Value): नागरिकको हित, सन्तुष्टि र कल्याण (ख) वैधता र समर्थन (Legitimacy and Support): नागरिकको विश्वास र स्वीकृति (ग) कार्यान्वयन क्षमता (Operational Capacity): सरकारको निर्णय कार्यान्वयन गर्ने क्षमता गरी यी तीन पक्षबिच सन्तुलन कायम गर्दै शासन सञ्चालन हुनुपर्छ भन्ने मान्यता सार्वजनिक मूल्यमा आधारित शासनको मूल ध्येय हो। सार्वजनिक मूल्यमा आधारित शासनको अवधारणाअनुसार सरकारले के गऱ्यो भन्दा पनि सरकारले नागरिकको जीवनमा कस्तो सकारात्मक परिवर्तन ल्यायो भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ। यसले सेवा वितरण मात्र होइन, समाजमा दीर्घकालीन मूल्य सिर्जना गर्ने दिशामा ध्यान दिने गर्दछ।

## सार्वजनिक मूल्यमा आधारित शासनका विशेषताहरू

सार्वजनिक मूल्यमा आधारित शासनको अवधारणाले नागरिक वा सेवाग्राहीहरूलाई केन्द्रमा राख्ने दृष्टिकोण लिएको सन्दर्भमा यो प्रणाली निम्न विशेषताहरूले युक्त हुने गर्दछः

**नागरिक केन्द्रित दृष्टिकोण )Citizen-Centric Approach):** नागरिकलाई केवल सेवाग्राही मात्र नभई शासनको हिस्सेदार र साझेदारको रूपमा हेर्ने अवधारणा हो।

**सहकार्यमा आधारित शासन )Collaborative Governance):** सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबिचको सहकार्यमार्फत सार्वजनिक मूल्य सिर्जना गरिन्छ।

**सार्वजनिक विश्वास निर्माण )Trust Building):** सरकार र यसका संयन्त्रप्रति नागरिकको भरोसा तथा विश्वास वृद्धि गर्नु यसको मुख्य उद्देश्य हो।

**परिणाममुखी दृष्टिकोण )Outcome-Oriented):** केवल कार्यप्रक्रिया वा कानुनी औपचारिकतामा भन्दा पनि यसको अन्तिम नतिजा )Input-Process-Output-Outcome-Impact) मा बढी ध्यान केन्द्रित हुन्छ।

## नैतिकता र उत्तरदायित्व (Ethics & Accountability)

## सार्वजनिक मूल्यमा आधारित शासनका आयामहरू

सार्वजनिक मूल्यमा आधारित शासनको प्रभावकारिताका दृष्टिले यो अवधारणा निम्न आयामहरूबाट प्रेरित हुने गर्दछः (क) सेवाको गुणस्तर (Quality of Service) (ख) न्याय र समावेशिता (Equity & Inclusion) (ग) विश्वास र वैधता (Trust & Legitimacy) (घ) दक्षता र प्रभावकारिता (Efficiency & Effectiveness)

## सार्वजनिक मूल्यहरू

सार्वजनिक मूल्यमा आधारित शासनलाई निम्न मूल्य मान्यताहरूले निर्देशित गरेको हुन्छः

**आर्थिक मूल्य (Economic Value):** रोजगारी, आय वृद्धि, आर्थिक स्थायित्व

**सामाजिक मूल्य (Social Value):** समानता, समावेशिता, सामाजिक न्याय

**राजनीतिक मूल्य (Political Value):** लोकतन्त्र, सहभागिता, अधिकार सुनिश्चितता

**प्रशासनिक मूल्य (Administrative Value):** दक्षता, पारदर्शिता, उत्तरदायित्व

## सार्वजनिक मूल्यमा आधारित शासनका विशेषताहरू

**१. नागरिक केन्द्रित दृष्टिकोण (Citizen-Centric Approach):** सार्वजनिक मूल्यमा आधारित शासनमा नागरिकलाई केवल सेवाग्राही होइन, सहभागी र साझेदारका रूपमा लिइन्छ।

**२. सहकार्य र नेटवर्क (Collaboration & Networks):** सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था र समुदायबिच सहकार्य गरी नीति निर्माण र कार्यान्वयन गरिन्छ।

**३. परिणाम र प्रभावमा केन्द्रित (Outcome & Impact Focus):** कार्यप्रक्रियाभन्दा परिणाम र सामाजिक प्रभावलाई प्राथमिकता दिइन्छ।

**४. विश्वास र वैधता निर्माण (Trust & Legitimacy):** शासन प्रणालीको दीर्घकालीन सफलता नागरिकको विश्वासमा निर्भर हुन्छ।

**५. नवप्रवर्तन र अनुकूलनशीलता (Innovation & Adaptability):** परिवर्तनशील वातावरणअनुसार नयाँ उपाय र प्रविधि अपनाउने लचकता आवश्यक हुन्छ।

## सार्वजनिक मूल्यमा आधारित शासनको व्यावहारिक प्रयोग

यस अवधारणाको व्यावहारिक प्रयोगमा निम्न विषयहरूमा ध्यान दिनु आवश्यक हुन्छः

**१. डिजिटल शासनः** डिजिटल प्रविधिको प्रयोगले सेवा सहज, छिटो र पारदर्शी बनाउँछ।

**२. सहकार्यमा आधारित सेवाः** नागरिक स्वयं सेवामा सहभागी भई मूल्य सिर्जना गर्छन्।

**३. तथ्यमा आधारित नीति निर्माणः** तथ्याङ्क र अनुसन्धानका आधारमा नीति निर्माण गरी प्रभावकारिता बढाइन्छ।

**४. स्थानीय शासनको सबलीकरणः** स्थानीय तहमा नागरिकसँग प्रत्यक्ष सहकार्य गर्दै सेवा प्रदान गर्दा सार्वजनिक मूल्य बढ्छ।

## नेपालको सन्दर्भमा सार्वजनिक मूल्यमा आधारित शासन

**१. सङ्घीय संरचना**ः संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्दै सेवा वितरण गर्दा नागरिकको पहुँच बढ्छ।

**२. डिजिटल रूपान्तरण**ः डिजिटल सेवा र सूचना प्रविधिको प्रयोगले पारदर्शिता र दक्षता बढाउन सक्छ।

**३. जनसहभागिता**ः नीति निर्माणमा नागरिक सहभागिता बढाउँदा विश्वास र वैधता सुदृढ हुन्छ।

**४. क्षमता विकास**ः प्रशासनिक दक्षता अभिवृद्धि गरी सेवा गुणस्तर सुधार गर्न सकिन्छ।

## निजामती प्रशासनसँग अन्तरसम्बन्ध र यससँग सम्बन्धित मुद्दाहरू

सार्वजनिक मूल्यमा आधारित शासनको मूल दर्शन राज्यले प्रदान गर्ने सेवा केवल वितरणमा सीमित नभई नागरिकको जीवनमा वास्तविक मूल्य सिर्जना गर्ने प्रक्रियासँग सम्बन्धित हुन्छ। यस सन्दर्भमा राज्य र जनताबिचको सम्बन्धको प्रमुख माध्यम सार्वजनिक सेवा भएकाले यसको प्रभावकारिता, सर्वसुलभता र गुणस्तरले नै सार्वजनिक मूल्यको स्तर निर्धारण गर्दछ। यसका लागि निजामती प्रशासनको भूमिका महत्त्वपूर्ण हुनु स्वाभाविकै हो। लोककल्याणकारी राज्यको अवधारणाअनुसार सेवा प्रवाहलाई जनमैत्री, पारदर्शी, तटस्थ र परिणाममुखी बनाउने जिम्मेवारी प्रशासनिक संयन्त्रमा निहित हुन्छ, जसले नागरिकको अपेक्षा र राज्यको उत्तरदायित्वबिच सन्तुलन कायम गर्दछ। यसलाई परिणाममा रूपान्तरण गर्ने दायित्व पनि निजामती सेवा समक्ष रहने गर्दछ।

सार्वजनिक मूल्यमा आधारित शासनमा निजामती प्रशासन केवल कार्यान्वयनकर्ता मात्र होइन, नीति निर्माण, समन्वय, सहजीकरण र मूल्य सिर्जनाको संवाहक पनि हो। यसैले प्रशासनले सरकार र नागरिकबिचको सेतुका रूपमा काम गर्दै नागरिकका आवश्यकता, गुनासा र अपेक्षालाई नीतिमा रूपान्तरण गर्न तथा नीतिलाई व्यवहारमा उतार्न निजामती प्रशासनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। सेवा प्रवाहको दक्षता र प्रभावकारिताले सरकारप्रति जनविश्वास निर्माण गर्दछ, जसले अन्ततः सुशासन र समृद्धिको मार्ग प्रशस्त गर्दछ। यसर्थ, प्रशासनिक संयन्त्र जति सक्षम, व्यावसायिक र प्रतिबद्ध हुन्छ, त्यति नै सार्वजनिक मूल्य सिर्जना उच्चस्तरीय हुन्छ। यो दायित्वबोधले निजामती प्रशासनलाई थप प्रभावकारी बनाउँदछ।

नेपालको सङ्घीय लोकतान्त्रिक शासन प्रणालीमा तीन तहका सरकारबिच सेवा प्रवाहको समन्वय र प्रभावकारिता सुनिश्चित गर्न सक्षम निजामती प्रशासन अपरिहार्य छ। संघ, प्रदेश र स्थानीय तहमा कार्यरत प्रशासनिक संरचनाले नागरिकको नजिक पुगेर सेवा प्रवाह गर्नुपर्ने भएकाले यसको भूमिका अझ संवेदनशील र चुनौतीपूर्ण बनेको छ। यस सन्दर्भमा निष्पक्षता, तटस्थता, पारदर्शिता, सदाचारिता,

सृजनशीलता र तत्परताजस्ता गुणहरूले प्रशासनलाई जनविश्वासको आधारस्तम्भ बनाउँछन्। यस्ता गुणहरूको अभावले मात्र प्रशासन कमजोर हुँदैन, समग्र शासन प्रणाली नै आलोचनाको केन्द्र बन्न पुग्छ। समग्र शासन प्रणालीलाई आलोचनाको केन्द्र बन्न नदिन निजामती प्रशासन जनताको नजिकको दुरीमा रहेर जनविश्वास आर्जन गर्ने भरपर्दो संयन्त्र बन्न सक्दछ।

सार्वजनिक मूल्य सिर्जनामा सरोकारवालाहरूको सहकार्य पनि महत्त्वपूर्ण पक्ष हो। नागरिक समाज, निजी क्षेत्र, सामुदायिक संस्था र सरकारबिचको समन्वयबाट सार्वजनिक मामिलाहरूको प्रभावकारी व्यवस्थापन सम्भव हुन्छ। यस बहुसरोकारवाला प्रणालीमा निजामती प्रशासनले समन्वयकर्ता, मध्यस्थकर्ता र कार्यान्वयनकर्ता तीनै भूमिकामा काम गर्नुपर्छ। यसले नीति निर्माणदेखि कार्यान्वयनसम्मको चक्रलाई सुदृढ बनाउँदै जनअपनत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ। यी पक्षहरूमा निजामती प्रशासनको भूमिका नीतिगत र कार्यान्वयन तह दुवैमा समन्वयकारी बन्न सक्दछ। यस सन्दर्भमा निजामती प्रशासन समक्ष निम्न परिवेशहरू विद्यमान रहेका छन्।

## सेवा प्रवाहको प्रभावकारितामा निजामती प्रशासनको भूमिका

सेवा प्रवाहको प्रभावकारिताको स्तरले सरकारको लोकप्रियताको स्तर निर्धारण गर्ने गर्दछ। सार्वजनिक सेवा प्रवाहमा दक्षता र प्रभावकारिताको स्तरले सुशासनको सही अवस्थाको चित्रण गरेको हुन्छ। सुशासनले समृद्धिको यात्रालाई सहज बनाइदिन्छ। सेवा प्रवाहको प्रभावकारिताबाट शासन प्रणालीप्रति अपनत्व सिर्जना गर्न र सुशासनको प्रत्याभूति गर्न निजामती प्रशासनको भूमिका महत्त्वपूर्ण रहने गर्दछ।

नेपालको प्रजातान्त्रिक आन्दोलनको छ दशकभन्दा लामो सङ्घर्षपश्चात् देशले उच्चतम प्रजातान्त्रिक सङ्घीय लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गर्न पुगेको छ। परिवर्तित शासकीय व्यवस्थाअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको बहुसरकारको अवधारणाअनुरूप हुने र राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहहरूबाट हुने व्यवस्था भएको छ। सङ्घीय संरचनामा प्रभावकारी सेवा प्रवाहका लागि सक्षम निजामती प्रशासन हुनु आवश्यक हुन्छ। समग्र सार्वजनिक प्रशासनको मियोका रूपमा रहेको निजामती प्रशासन यी सबै आयामहरूमा सबल, प्रभावकारी र जनताको विश्वासिलो तथा भरपर्दो संस्था बन्न सक्नुपर्दछ।

निष्पक्षता, तटस्थता, तत्परता, सृजनशीलता, सकारात्मकता, सदाचारिता, पारदर्शिता सार्वजनिक प्रशासनका मूलभूत न्यूनतम विशेषताहरू हुन्। यी विशेषताहरूको सक्षम उपस्थितिले नै सक्षम प्रशासनको कल्पना गर्न सकिन्छ र यी विशेषताहरूको क्षयीकरण वा कमजोर उपस्थितिले प्रशासन जनमैत्री बन्न नसक्ने मात्र होइन, समग्र शासकीय परिपाटी नै आलोचनाको केन्द्र बन्न पुग्दछ। शासन प्रणालीलाई भरोसायोग्य बनाउन सबै सरोकारवालाहरूको समान भूमिका रहन्छ। तर यसमा मुख्य कर्ताका रूपमा निजामती प्रशासनको भूमिका महत्त्वपूर्ण रहन्छ नै। विश्वव्यापीकरण, शिक्षा, सूचना र प्रविधिको तीव्र विकासले

जनआकाङ्क्षाको तह पनि उच्च रूपमा बढेको छ। यस सन्दर्भमा सङ्घीय शासन प्रणालीमा निजामती प्रशासनको कार्यक्षमता, प्रभावकारिता र सबल उपस्थिति अनिवार्य सर्त हो।

निजामती प्रशासन विज्ञ, व्यावसायिक, क्षमतावान् व्यक्तिहरूको समूह तथा राज्यको स्थायी संयन्त्र हो। यसै कारणले सरकारी नीति निर्माण र कार्यान्वयनमा प्रशासनिक संयन्त्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्रशासकीय सक्रियताको सन्दर्भलाई पनि यसै परिवर्तनमा हेर्न सकिन्छ। प्रशासन सरकार र सेवाग्राहीबिचको सम्बन्ध सेतु हो। यसर्थ प्रशासनिक संयन्त्र जति प्रभावकारी हुन्छ, त्यति नै सरकार र जनताबिचको सम्बन्ध असल हुने गर्दछ र यही असल सम्बन्धले नै सरकारको दिगोपनाको सुनिश्चितता गर्ने गर्दछ। अमेरिकी प्रशासनविद् O. Glenn Stahl ले "No government can be better than its civil service permits it to be" भनेका छन्। यसै कारणले नै कुनै पनि देशको सरकार त्यहाँको प्रशासन यन्त्रभन्दा राम्रो हुन सक्दैन भन्ने गरिएको हो।

## सकारात्मकता सहितको निष्पक्ष र सक्रिय प्रशासनिक संयन्त्र

प्रशासन यन्त्रको सकारात्मक पूर्वसक्रियताले सरकारले आफूले परिकल्पना गरेको दीर्घकालीन सोचलाई नीति, नियम र प्रक्रियामा आबद्ध गराएर जनताले अनुभूति गर्ने गरी कार्यान्वयन गर्न सक्छ। यसबाट कार्यान्वयनको क्रममा जनअपेक्षाको सम्बोधन भयो भएन र त्यसमा के कस्ता सुधारको आवश्यकता छ भन्ने कुराको पृष्ठपोषण प्राप्त भई त्यसलाई आगामी दिनको कार्ययोजनामा परिमार्जन वा समाहित गर्न सकिन्छ। यसर्थ सकारात्मकतासहितको निष्पक्ष र सक्रिय प्रशासनिक संयन्त्र असल शासकीय प्रणालीको संवाहक हो। परिवर्तित शासकीय परिवेशमा सृजनशील र सदाचारयुक्त निजामती प्रशासनले सङ्घीय शासन प्रणालीलाई जनमैत्री बनाउन सक्छ। निजामती प्रशासनमा देखिएका केही घटनाहरूले यसको सदाचारितामा बेलाबखत प्रश्न उठ्ने गरेको छ। एकाध व्यक्तिहरूबाट हुने सदाचारविपरीतका घटनाले समग्र निजामती प्रशासन समान रूपले आरोपित हुने वातावरणले निरन्तरता पाउनु हुँदैन। यसका लागि सदाचारयुक्त निजामती प्रशासन निर्माण अहिलेको प्राथमिक आवश्यकता भएको छ।

## प्रशासन सरकारको दर्पण

प्रशासन सरकारको दर्पण हो। यस सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका निजामती प्रशासकहरूको भूमिका अझ थप प्रभावकारी र जनमैत्री हुनु आवश्यक हुन्छ। नेपालको निजामती प्रशासन यस आयाममा प्रखर बन्दै जानु आवश्यक पनि छ। आफ्नो साख जगेर्नाका क्षेत्रमा देखिएका यावत् चुनौतीहरूको सामना गर्दै आफ्नो साखको पुनर्जीवनका निमित्त तत्पर रहनुपर्ने आजको दायित्व हो।

*रेग्मी, डा. दामोदर, २०८३*

**योग्यता प्रणाली**

प्रशासनयन्त्र योग्यता प्रणालीका उपज र कार्यलाई विधिको आवरणबाट सुरक्षित राख्ने पोख्त योद्धा हुन्। तटस्थता प्रशासनयन्त्रको अपरिहार्य विषयवस्तु हो, तथापि विषयगत विज्ञता र स्थायी सरकारको हैसियतले प्रशासनयन्त्रले दक्षतासहितको तटस्थताद्वारा सकारात्मक योगदान गर्न सक्छ भन्ने मान्यताको विकास हुँदै गएको छ। सङ्घीय स्वरूपमा निजामती प्रशासनको भूमिका सेवा प्रवाहको दृष्टिले जति महत्त्वपूर्ण छ, तटस्थता र निष्पक्षताको दृष्टिले अझ बढी चुनौतीपूर्ण छ। यस सन्दर्भमा यो चुनौतीलाई अवसरमा परिवर्तन गर्न निजामती कर्मचारीले हरेक तहमा राजनीतिक तटस्थता प्रदर्शन गर्दै सेवा प्रवाहमा प्रतिबद्धता, कार्यसम्पादनमा प्रभावकारिता र आफ्नो विशिष्टता तथा दक्षताको कुशल प्रदर्शन गर्नुपर्ने हुन्छ; यो नै अहिलेको सामयिक आवश्यकता हो। यी विषयहरूमा निजामती प्रशासनको हिजोको साख र विश्वास क्रमशः कमजोर हुँदै गइरहेको छ।

**जनशक्ति सङ्गठनको पुँजी**

सङ्गठनमा उपलब्ध सबै जनशक्ति सङ्गठनका पुँजी तथा अमूल्य निधि हुन्। तथापि केही जनशक्तिको क्षमता सङ्गठनमा अन्य जनशक्तिको क्षमताभन्दा निकै बढी हुन्छ र यिनीहरू सङ्गठनको दैनिक कार्यलाई व्यवस्थित गर्न, अपेक्षित परिणाम निकालना र सङ्गठनको साख अभिवृद्धि गर्न प्रखर साबित भएका हुन्छन्। यसर्थ यिनीहरूलाई समूहगत कार्य, टोलीगत कार्य, विशेष भूमिका, समन्वयकारी भूमिका आदिद्वारा उनीहरूको क्षमताको अधिकभन्दा अधिक रूपमा प्रयोग गर्न सकिन्छ। साथसाथै अन्य तुलनात्मक रूपमा मध्यम वा निम्न क्षमताका कर्मचारीहरूलाई विकासको तालिमजस्ता अन्य उपागमद्वारा उनीहरूको क्षमतालाई सामयिक रूपमा तिखारिराख्नुपर्ने हुन्छ। सङ्गठनमा ऊर्जाशील, उत्पादनशील र सिर्जनशील जनशक्तिको अन्यत्र पलायनलाई पनि रोक्नुपर्ने हुन्छ।

सङ्गठनमा कहिलेकाहीँ क्षमताले प्रश्रय नपाई आफ्नोपन, आसेपासे र गुट विशेषको प्राधान्यता बढ्दै जान्छ, यी ऊर्जाशील, उत्पादनशील र सिर्जनशील जनशक्तिले या त पलायनको बाटो रोज्दछन् या आफ्नो क्षमताको अवमूल्यन भइरहेको आभास पाएपछि अन्तरमनमा रहेको नैराश्यताको भुमरीमा आफूलाई सीमित गर्न बाध्य हुन्छन्। यो पुँजीको दुरुपयोगको अवस्था हो। आज अधिकांश सार्वजनिक निकायहरू पुँजी दुरुपयोगको यो रोगबाट ग्रसित छन्। यस सन्दर्भमा ध्यान दिनुपर्ने पक्ष सार्वजनिक प्रशासन योग्यता प्रणालीमा आधारित हुनुपर्दछ; यो सार्वजनिक प्रशासनको मूल मर्म र प्रजातान्त्रिक शासन प्रणालीको प्राण पनि हो। नियुुक्तिपछिका पदस्थापना, सरुवा र अवसरको उपलब्धतामा योग्यता प्रणाली कमजोर बन्दै जानु हुँदैन। सरुवा वा योग्यता प्रणाली अपनाउनुपर्ने अन्य क्षेत्रमा 'हाम्रोवाद' ले जति प्रश्रय पाउँछ वा निर्णयकर्ताहरू योग्यता प्रणालीलाई अवलम्बन गर्नेभन्दा कुनै स्वार्थपूर्ति गर्ने उद्देश्यबाट निर्णय गर्न उद्यत हुन्छन् भने, त्यसले स्वार्थ समूहको निश्चित स्वार्थ पूर्ति हुने अवस्था कायम रहनु हुँदैन।

योग्यता प्रणाली धरापमा पर्दै गएका कारण त्यहाँ विसङ्गति र विकृतिका असर बढी पर्दै गएका छन्। सार्वजनिक प्रशासनमा योग्यता प्रणालीको अवलम्बन राजनीतिक र प्रशासनिक दुवै नेतृत्वका लागि अपरिहार्य पक्ष हो, यसको संरक्षण र सम्बर्द्धन यी दुवै पक्षबाट हुनुपर्दछ। सार्वजनिक प्रशासकहरू नै यसको छवि धूमिल गराउने कार्यमा लागे भने दीर्घकालमा त्योभन्दा प्रत्युत्पादक अरू केही हुँदैन। आफ्नो निहित स्वार्थपूर्तिका लागि योग्यता प्रणालीलाई तेजोबोध गराउने काममा उनीहरूको संलग्नता वा प्रोत्साहन हुनु प्रजातान्त्रिक शासन प्रणाली र प्रजातान्त्रिक चरित्रविरुद्धको कदम हो।

## सङ्घीय निजामती सेवा ऐन

योग्यता प्रणालीको संरक्षकका रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन लामो समयसम्म पनि आउन नसक्नु र अधिकांश पदका सरुवाहरू विभिन्न स्वार्थ समूहका कारणले विकृत बन्दै जानु जस्ता विषयहरू प्रशासनिक नेतृत्वको कमजोर कार्यशैलीका प्रतिफल हुन्। प्रतिभा व्यवस्थापनको सन्दर्भमा देखिएको यो अँध्यारो पाटोले आगामी दिनमा निरन्तरता पाउँदै जानु हुँदैन वा यो प्रवृत्ति झाँगिदै जानु हुँदैन; अनि मात्र हाम्रा सङ्घीय प्रशासनिक संरचना अझ ऊर्जाशील, उत्पादनशील, सिर्जनशील र परिणाममुखी बन्न सक्छन्। साख सुरक्षाले खोजेको अर्को आयाम योग्यता प्रणालीको प्रबर्द्धन हो।

सङ्घीयताका मूलतः तीन आयाम हुने गर्दछन्: राजनीतिक सङ्घीयता, प्रशासनिक सङ्घीयता र वित्तीय सङ्घीयता। सङ्घीय शासन प्रणालीको प्रयोग गर्ने क्रममा अहिले प्रशासनिक सङ्घीयता कमजोर देखिएको छ। संविधान जारी भएको १० वर्ष व्यतीत भइसक्दा पनि प्रशासनिक सङ्घीयताको एउटा महत्त्वपूर्ण पाटो सङ्घीय निजामती सेवा ऐन जारी हुन सकिरहेको छैन। यसले तीन तहमा समायोजन भएर गएका कर्मचारीहरूको सङ्घीय संरचनाअनुरूपको पहिचान कायम हुन सकेको छैन। सङ्घ, प्रदेश र स्थानीय तहमा हुन सक्ने क्षितिजीय र ऊर्ध्व चलायमानका (Horizontal and Vertical Mobility) अवसरहरू अझै अस्पष्ट रहेका छन् र तदनुरूपको वृत्तिमार्ग त्योभन्दा बढी अस्पष्ट छ। प्रदेश र स्थानीय तहमा पदोन्नति भएका कर्मचारीहरूको केन्द्रीय अभिलेखले औपचारिकता पाउन सकिरहेको छैन। ती तहहरूमा सिर्जना भएका नयाँ पदहरूको अवस्था पनि त्यस्तै छ। यसरी पदोन्नति भएका वा सिर्जित पदहरूमा कार्यरत कर्मचारीहरूले भोलि उपदान वा निवृत्तिभरण कसरी पाउने भन्ने विषय अन्योल नै छ।

सामान्यतया सङ्घीय निजामती सेवा ऐन आइसकेपछि सोअनुरूप प्रदेशको निजामती सेवा ऐन आउनुपर्ने हो। केही समय प्रदेशका निजामती सेवा ऐन पनि आएनन्। प्रदेशका कैयौं रिक्त पदहरू सो ऐनको अभावका कारणले पूर्ति हुन सकिरहेका थिएनन्। अहिले प्रदेशका निजामती सेवा ऐन त आए, तर यसले थप अन्योल भने सिर्जना गरेको छ। यस सन्दर्भमा प्रदेशका कर्मचारीको वृत्तिमार्ग सङ्घका लागि बन्द भएको हो कि भन्ने अन्योल उठ्नु स्वाभाविकै हो। आउन ढिलो गरिरहेको सङ्घीय निजामती ऐन अब आउँदा, यसपूर्व जन्मिसकेका प्रदेश निजामती ऐन अब आउने सङ्घीय निजामती ऐनअनुरूप हुनुपर्ने कि

जन्मिसकेको प्रदेश निजामती सेवा ऐनअनुरूप सङ्घीय निजामती ऐन हुनुपर्ने भन्ने द्विविधासमेत निम्तिएको छ। प्रदेशगत निजामती सेवा ऐनमा पदसोपान, वृत्तिमार्ग, अवकाशको उमेरका प्रावधानहरूमा रहन सक्ने विविधताको बिचमा अब आउने सङ्घीय निजामती ऐनले सामञ्जस्यता कायम गर्ने विषय पनि चुनौतीपूर्ण बनेको छ।

सङ्घीय निजामती ऐन आउन जति ढिलो हुन्छ, त्यति नै त्यसबाट प्रभावित हुन सक्ने विभिन्न सङ्घ/समूहको चासो बढ्नु स्वाभाविकै हो। यस्ता समूहको बढोत्तरी हुँदै जाँदा सबै प्रकारका चासोको सम्बोधन गरी साझा निकास निकाल्ने प्रयास थप कठिन हुन जान्छ। निजामती कर्मचारीहरूको सेवा सर्तसम्बन्धी भावी कानुन निर्माणमा धेरै नै घर्कंदै गएको समय र समय बित्दै जाँदा निम्तिएका नयाँ समस्याहरूको पृष्ठभूमिमा सङ्घीय निजामती सेवा ऐन शीघ्र आउनु आवश्यक छ। यस ऐनले निजामती प्रशासनका मूलभूत मान्यताहरूलाई आत्मसात् गर्न सक्नुपर्दछ र मानव संसाधन व्यवस्थापनका अवधारणालाई समेत आत्मसात् गर्न सक्नुपर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहहरूमा कर्मचारीहरूको सरुवा, पदोन्नतिका सीमा र अवसर क्षेत्रहरू के के हुन् र सङ्घीय निजामती सेवा ऐनमा समावेश हुनुपर्ने भनी विभिन्न कोणबाट व्यक्त विचारहरूलाई कसरी समेट्ने भन्ने मूलभूत विषयहरूमा ऐनले विशेष ध्यान दिनुपर्दछ।

यसको अतिरिक्त योभन्दा अर्को मूलभूत पक्ष नवीन विश्व शासकीय परिवेश र जनमैत्री शासन प्रणालीको सन्दर्भमा सङ्घीय शासन प्रणालीको सुदृढीकरण र सबलीकरणमा निजामती प्रशासनको भूमिकालाई विगतभन्दा बढी प्रभावकारी बनाउनु हो। तटस्थ र प्रतिबद्ध निजामती प्रशासन, योग्यता प्रणालीको पूर्ण प्रत्याभूति, मनोबलयुक्त, उत्प्रेरित, परिणाममुखी र सङ्घीय शासन प्रणालीको प्रखर संवाहक निजामती प्रशासन बनाउने जस्ता विषयले प्राथमिकता नपाउने हो कि भन्ने पनि देखिन्छ। प्रजातान्त्रिक शासन प्रणालीको परिवेशमा मौलाउँदै जानुपर्ने योग्यता प्रणाली क्रमशः कमजोर बन्दै जानु पनि यसको एउटा कारण हो। जब आधारभूत विषय र मूल प्राथमिकताका विषयभन्दा अन्य विषयले प्राथमिकता पाउँछन् वा मूल प्राथमिकताका विषय गौण बन्दै जान्छन्, यस्ता समस्याहरू स्वाभाविक रूपमा आउने गर्दछन्।

इतिहास साक्षी छ सङ्घीय निजामती सेवा ऐन आउनुमा भइरहेको ढिलाइले समस्याहरू थुप्रिँदै जाने मात्र होइन, समस्याका सह-उत्पादनहरू समेत थपिँदै जान्छन्, जसको विवेकपूर्ण व्यवस्थापनको काम थप जटिल बन्दै जान्छ। निजामती प्रशासनको सबल इच्छाशक्तिबाट मात्र सेवा प्रवाहमा दक्षता र प्रभावकारिताको स्तरले सुशासन कायम हुने, सुशासनले समृद्धिको यात्रालाई सहज बनाइदिने र यसको माध्यमबाट शासन प्रणालीप्रति जनअपनत्व स्थापित हुने गर्दछ। सङ्घीय निजामती सेवा ऐन आउनुमा भएको ढिलाइ र यसबाट सिर्जित थप अन्योलहरूले सुशासन प्राप्तिको यो चाहनालाई कुनै न कुनै रूपमा नकारात्मक किसिमले प्रभावित गरेकै हुन्छ। संसद्मा दर्ता भएको सङ्घीय निजामती सेवा ऐनले निजामती प्रशासनको मर्म र गरिमा कायम रहने गरी यसको साख वृद्धि गर्ने किसिमबाट आउनु आवश्यक छ। तदनुरूप निजामती प्रशासकका व्यवहार र आचरणहरू सोअनुरूप अनुकूलित हुनु आवश्यक छ।

## सरोकारवालाहरूसँगको सम्बन्ध निर्माण

शासकीय सन्दर्भमा सरोकारवालाहरूको सम्बन्ध महत्त्वपूर्ण विषय हो। सार्वजनिक सेवा विविध सरोकारवालाहरूको अन्तरसम्बन्धको सम्मिश्रण हो। यी सरोकारवालाहरूको बिचमा धेरै आवश्यकताहरू रहेका हुन्छन्। यी विषयहरूको सम्बोधनको आधारमा नै सरोकारवालाहरूको सम्बन्धको निर्धारण हुने गर्दछ। यस्ता अन्तरसम्बन्धित आवश्यकताहरूको एकल वा सामूहिक प्रयत्नद्वारा समाधानको निमित्त गरिने प्रयास नै सार्वजनिक मामिलाहरूको व्यवस्थापन हो। सार्वजनिक आवश्यकताहरूको माग र आपूर्तिमा धेरै सरोकारवालाहरूको उपस्थिति र सहकार्यले एउटा अन्तरसम्बन्ध स्थापित गरेको हुन्छ। सबै सरोकारवालाहरूको सुमधुर सम्बन्धले सार्वजनिक मामिलाहरूको व्यवस्थापनलाई प्रभावकारी बनाइदिन्छ। नागरिक समाज, सामुदायिक संस्थाहरू, निजी क्षेत्र, व्यापारिक र व्यावसायिक समुदाय सार्वजनिक मामिलाका सरोकारवालाहरू हुन्। सरकार आफैँमा एउटा महत्त्वपूर्ण सरोकारवाला हो।

यी सरोकारवालाहरू भिन्न भिन्न परिस्थितिमा भिन्न भिन्न भूमिकामा देखिने गर्दछन्। यस्तो भूमिका कहिले माग पक्ष, कहिले मध्यस्थ पक्ष र कहिले आपूर्ति पक्षका रूपमा रहने गर्दछ। सामान्यतया सरकारबाहेकका सरोकारवालाहरूलाई माग पक्ष र सरकारलाई आपूर्ति पक्षका रूपमा बुझिने गरिएको भए तापनि नीतिको कार्यान्वयनमा जनअपनत्व कायम हुने पक्षमा सरकार माग पक्षका रूपमा रहने गर्दछ। साथै सरोकारवालाहरू बिचमा सद्भाव र समन्वय कायम गर्ने तथा नीतिको सकारात्मक बहस पैरवी र कार्यान्वयनमा सरकारबाहेकका पक्षहरू मध्यस्थ र आपूर्तिकर्ताका रूपमा रहन्छन्। यसरी सार्वजनिक मामिलाहरूको व्यवस्थापनमा विभिन्न सरोकारवालाहरूको उपस्थिति रहने तथा यी सरोकारवालाहरूको भूमिका भिन्न भिन्न हुने र यी भूमिकाहरूको सकारात्मक अन्तरसम्बन्धले सार्वजनिक मामिलाको व्यवस्थापनलाई प्रभावकारी बनाइदिन्छ। यसर्थ सार्वजनिक मामिलाको व्यवस्थापनमा सरोकारवालाहरूको अन्तरसम्बन्ध महत्त्वपूर्ण विषय हो।

शासकीय पक्षको बद्लिँदो अवधारणाले जनसरोकारका मामिलाहरूमा सरोकारवालाहरूको सहसम्बन्धको उपस्थितिको माग गर्दछ। सरकारी सेवा सुविधाको प्रवाहको मूलभूत स्थायी संयन्त्र तथा जनआकाङ्क्षाहरूलाई नीति निर्माणका लागि जनताबाट पृष्ठपोषण प्राप्त गरी सरकार समक्ष पुऱ्याइदिने सम्वाहकका रूपमा सार्वजनिक प्रशासनको भूमिका अति नै महत्त्वपूर्ण रहने गर्दछ। विश्वव्यापीकरण, शिक्षा, सूचना र प्रविधिको तीव्र विकासले जनआकाङ्क्षाको तह पनि उच्च रूपमा बढेको छ; यस सन्दर्भमा सार्वजनिक प्रशासनको कार्यक्षमता, प्रभावकारिता र सबल उपस्थिति सार्वजनिक मामिलाको व्यवस्थापनमा अनिवार्य सर्त हो।

निष्पक्षता, तटस्थता, सदाचारिता, पारदर्शिता सार्वजनिक प्रशासनका मूलभूत न्यूनतम विशेषताहरू हुन्। यी विशेषताहरूको सक्षम उपस्थितिले नै सक्षम प्रशासनको कल्पना गर्न सकिन्छ। यी विशेषताहरूको न्यून उपस्थिति वा क्षयीकरणले प्रशासन मात्र होइन, समग्र शासकीय संयन्त्र नै व्यापक आलोचनाको पात्र बन्न

पुग्दछ। यसले प्रशासन, शासकीय संरचना र सरकार (राज्य संयन्त्र) प्रति जनताको अपनत्वबोध समाप्त हुन जाने खतरा बढ्दछ। राज्य संयन्त्रप्रति जनताको अपनत्वबोध कायम गर्न जति प्रशासनयन्त्रको सकारात्मक भूमिका महत्त्वपूर्ण हुन्छ, त्यति नै मात्रामा अन्य सरोकारवालाहरू पनि सहयोगी र सकारात्मक हुनु आवश्यक हुन्छ।

विश्वव्यापी रूपमा बढ्दै गएको प्रजातान्त्रिकीकरणको प्रक्रिया, उदारीकरण, सूचना प्रविधिको तीव्रतम विकासको सन्दर्भमा जनसरोकार अर्थात् सार्वजनिक सरोकारका विषय सरकार एकको मात्र कार्यक्षेत्र हो भन्ने परम्परागत मान्यतामा परिवर्तन आएको हो। यसै सन्दर्भमा सरकार, निजी क्षेत्र र सामुदायिक क्षेत्र सार्वजनिक मामिलाको व्यवस्थापनका सहकर्ताहरूका रूपमा रहँदै आएका छन्।

## सङ्घीयता र सरोकारवालाहरूको भूमिका

सङ्घीयता राज्यसत्ताको अधिकारको प्रयोग राज्यका बहुसरकारहरू बिच विनियोजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया हो। सरोकारवालाहरूको उपस्थितिले सङ्घीय शासन प्रणाली बढी प्रजातान्त्रिक, सहभागितामूलक र परिणाममुखी बन्न पुग्दछ। सङ्घीय शासन प्रणाली बहुसरकारहरू बिचको एउटा साझा प्रतिज्ञापत्र हो, जसमा राष्ट्रिय उद्देश्यको प्राप्ति र जनताको सर्वोपरि हितका लागि स्वशासन र साझा शासनको संयोजन गरिएको हुन्छ। यसै अवधारणाअनुरूप सङ्घीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारणको सहभागिता र अवसरको सुनिश्चितता मात्र होइन, सामाजिक विविधतालाई पनि सम्बोधन गर्नुपर्दछ।

सङ्घीयता बहुसरकारहरू र बहुसरोकारवालाहरू बिच साझा र स्वशासनमा आधारित एउटा शासन प्रणालीसमेत हो। शासकीय सहकर्ताहरूको उपस्थिति र सहसम्बन्धको सन्दर्भमा सङ्घीय संरचनामा अन्तरसरकार र अन्य सबै सहकर्ताहरू बिचमा सहयोगपूर्ण सम्बन्ध रहनु आवश्यक हुन्छ। यस कार्यमा पनि निजामती प्रशासनको भूमिका सबल बन्नु आवश्यक हुन्छ।

## उपसंहार

सार्वजनिक मूल्यमा आधारित शासन प्रणालीको सफलताका लागि सशक्त, तटस्थ, पेसागत र उत्तरदायी निजामती प्रशासन अनिवार्य पक्ष हो। प्रशासनले सकारात्मक सक्रियता, पारदर्शिता र परिणाममुखी कार्यशैलीमार्फत नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउन सकेमा मात्र राज्यप्रति विश्वास, अपनत्व र दिगोपन सुनिश्चित हुन्छ। यसर्थ, परिवर्तित शासकीय परिवेशमा निजामती प्रशासनलाई केवल संरचना होइन, सार्वजनिक मूल्य सिर्जनाको गतिशील शक्तिका रूपमा विकास गर्नु आजको प्रमुख आवश्यकता हो। यसका लागि समग्र निजामती प्रशासन ऊर्जाशील भएर लाग्नुपर्ने अवस्था रहेको छ।

## सन्दर्भसामग्री

Bozeman, B. (2007). Public values and public interest: Counterbalancing economic individualism. Georgetown University Press.

Bryson, J. M., Crosby, B. C., & Bloomberg, L. L. (2014). Public value governance: Moving beyond traditional public administration and the new public management. Public Administration Review, 74(4), 445–456. https://doi.org/10.1111/puar.12238

Gore, A. (1993). From red tape to results. U.S. Government Printing Office.

Moore, M. H. (1995). Creating public value: Strategic management in government. Harvard University Press.

Osborne, D., & Gaebler, T. (1992). Reinventing government: How the entrepreneurial spirit is transforming the public sector. Prentice Hall of India.

Osborne, S. P. (Ed.). (2010). The new public governance: Emerging perspectives on the theory and practice of public governance. Routledge.

रेग्मी, डा. दामोदर. (२०७९). कौटिल्यको आलोकमा नेपालको भन्सार. प्यासिफिक पब्लिकेसन प्रा.लि.

रेग्मी, डा. दामोदर. (२०२२). शासकीय प्रबन्धका नवीनतम आयामहरू. अक्षराङ्क प्रकाशन प्रा.लि.